# व्यक्तिगत घटना दर्ता





Government of Nepal

UNDP
Empowered lives.
Resilient nations.

FORMIN.FINLAND.FI
EMBASSY OF FINLAND
KATHMANDU

EMBASSY OF DENMARK, NEPAL

NORWEGIAN EMBASSY

**व्यक्तिगत घटना दर्ता**

प्रकाशकः कानूनी शासन तथा मानवअधिकार संरक्षण प्रणाली सबलीकरण कार्यक्रम/युएनडीपी
(Strengthening the Rule of Law and Human Rights Protection System in Nepal Programme (RoLHR)/UNDP)

वितरणः निःशुल्क

प्रकाशन प्रतिः ५०००

संस्करणः प्रथम (२०७३ आषाढ)
दोश्रो (२०७३ मंसिर)
तेस्रो (२०७४ आषाढ)

यस पुस्तिकामा लेखिएको कुरा आम नागरिक तथा सम्बन्धीत सरोकारवालाहरूको सामान्य जानकारीकालागि सरल भाषामा लेखिएको छ। यसमा लेखिएका कुराको आधिकारिक जानकारीका लागि सम्बन्धीत ऐन नियम नै हेर्नु हुन अनुरोध छ।


# विषय सूची

व्यक्तिगत घटना दर्ता ........................................................... १
आजकाल व्यक्तिगत घटना दर्ताको धेरै चर्चा गरिन्छ। घटना दर्ता भनेको के रहेछ ? ....... १
किन व्यक्तिगत घटना दर्ता अनिवार्य बनाइएको छ ? ....................................... १
व्यक्तिगत घटना दर्ता सम्बन्धमा कानूनी व्यवस्था के छ ? ................................. २
व्यक्तिगत घटना दर्ता गर्न जाँदा के जानकारी दिनुपर्छ ? ................................... ३
विवाह दर्ता गर्दा पति/पत्नी बारे चाहिने जानकारी के के हुन् ? ........................... ४
सम्बन्ध विच्छेद दर्ता गर्दा आवश्यक पर्ने जानकारीहरु के के हुन् ? ........................ ४
बसाईं सराई दर्ता गर्न के के जानकारी चाहिन्छ ? ......................................... ५
मृत्यु दर्ता गर्दा के के जानकारी चाहिन्छ? ................................................ ५
व्यक्तिगत घटना दर्ता गर्दा के फाइदा हुन्छ ? ............................................. ६
हामीले व्यक्तिगत घटना दर्ता गरी आफ्नो दायित्व पुरा गरेका छौ ? तपाईले नि? ..........७
सामाजिक सुरक्षा .................................................................. ८
सामाजिक सुरक्षा भनेको के हो ? ................................................... ८
सामाजिक सुरक्षाको हकमा के व्यवस्था गरेको छ ? ....................................... ८
कस्ता बालालिकाले सामाजिक सुरक्षा पाउँछन् ? .......................................... ९
सामाजिक सुरक्षाका लागि परिचय-पत्र पनि बनाउनुपर्छ ? ................................. ९
भत्ता/बृति/अनुदान कहिले कहिले पाइन्छ ? ........................................... १०
भत्ता/बृति/अनुदान प्राप्त गर्ने नागरिकको लगत कट्टा ................................. १०

# व्यक्तिगत घटना दर्ता




व्यक्तिगत घटना दर्ता भनेको व्यक्तिको जन्म, विवाह, सम्बन्ध विच्छेद, बसाइ सराई र मृत्यु जस्ता व्यक्तिगत घटनासम्बन्धी विवरणहरुको दर्ता स्थानीय निकायमा गर्नु हो । स्थानीय निकायमा पञ्जिकाधिकारीको कक्षमा गएर व्यक्तिगत घटना दर्ता गरी सोको प्रमाण पत्र लिन पनि हो ।




मुलभूत रूपमा व्यक्तिगत घटना सम्बन्धी विवरणहरूको दर्ताको आवश्यकताहरूलाई ध्यानमा राखी यसलाई अनिवार्य गराईएको हो । यसका पाँच आधारभुत आवश्यकताहरू यी हुन् :

- व्यक्तिको घटना अभिलेखीकरण गर्नु राज्यको अनिवार्य दायित्व हो ।
- राज्यद्धारा प्रदान गरिने सेवा, सुविधा र अवसरलाई व्यक्तिले सही ढङ्गमा प्रयोग गर्ने माध्यम हो ।
- नागरिकको हक, अधिकार र कर्तव्यको सुरक्षा गर्न जानकारी लिने यो नै कानूनी आधार हो ।
- राज्यले नागरिकलाई सेवा तथा सुविधाहरू प्रदान गर्न यो नै तथ्ययुक्त आधार हो ।
- नागरिकले राज्यबाट प्राप्त गर्ने सेवा तथा सुविधाहरू यसैबाट प्रवाहित हुन सक्छन ।

# व्यक्तिगत घटना दर्ता सम्बन्धमा कानूनी व्यवस्था के छ ?




व्यक्तिगत घटनाको प्रकृति अनुसार घटना दर्ता गर्ने विद्यमान कानूनी व्यवस्था यसप्रकार रहेको छ।

**जन्म दर्ता** : परिवारमा बच्चा जन्मेको ३५ दिन भित्र जन्म दर्ता गर्नुपर्छ। परिवारको मुख्य व्यक्ति वा निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको सबैभन्दा जेठो व्यक्तिले बच्चाको जन्म दर्ता गराउनु पर्छ। यो निःशूल्क हुन्छ तर ३५ दिन पछि भने ५० रूपैया शूल्क तिर्नुपर्छ। बच्चा नेपाल बाहिर जन्मेको हो भने नेपाल आएको ६० दिन भित्र जन्म दर्ता गर्नुपर्छ।

**विवाह दर्ता** : विवाह दर्ता गर्न पति पत्नी दुवै जना जानुपर्छ। विवाह भएको ३५ दिन भित्र विवाह दर्ता गर्नुपर्छ। ३५ दिन पछाडि गएमा ५० रूपैया शूल्क तिर्नु पर्छ।


**सम्बन्ध विच्छेद दर्ता** : अदालतबाट सम्बन्ध विच्छेदको फैसला भएको ३५ दिन भित्र पति वा पत्नीले सम्बन्ध विच्छेद दर्ता गर्नुपर्छ। ३५ दिन पछाडि दर्ता गर्न गएमा ५० रूपैया शूल्क तिर्नु पर्दछ।

**बसाईं सराइ दर्ता** : एक ठाउँबाट अर्को ठाउँमा गएमा (गाउँ, नगर वा जिल्लाबाट) परिवारको बसाइ सराइ दर्ता गर्नुपर्छ। एक्लै बसाइ सराइ गर्ने व्यक्तिले पनि ३५ दिन भित्र दर्ता गर्नुपर्छ।

**मृत्यु दर्ता** : परिवारको कुनै व्यक्तिको मृत्यु भएमा परिवारको मुख्य व्यक्ति वा निजको अनुपस्थितिमा उमेर पुगेको जेठो व्यक्तिले ३५ दिन भित्र दर्ता गर्नुपर्छ।




व्यक्तिगत घटना स्थानीय निकायमा गएर दर्ता गराउने हो। स्थानीय निकाय भनेको गाउँ विकास समिति वा नगरपालिका हो। व्यक्तिगत घटनाको प्रकृति अनुसार आवश्यक जानकारी दिनुपर्ने हुन्छ।




**जन्म दर्ता गर्न जाँदा दिनुपर्ने आवश्यक जानकारी**हरू:

शिशुको नाम, थर र जन्मेको स्थानको ठेगानाः वार्ड, गाउँ, नगर, जिल्ला

आमा बाबुको विवरण : नाम, थर र स्थायी ठेगाना

बाजे बज्यैको विवरण : नाम, थर र स्थायी ठेगाना

शिशुको जन्म मिति, शिशु जन्मेको ठाउँ, शिशु जन्मदा मद्दत गर्ने व्यक्ति, शिशुको लिङ्ग, जात, जन्मको किसिम (एकल, जुम्ल्याहा, तिम्ल्याहा) कुनै शारीरिक विकृति छ, छैन आदिको साथै सूचना दिनेको नागरिकता पनि चाहिन्छ।

शिशूको बाबु-आमाको विवरण भर्दा ध्यान दिनुपर्ने कुराहरु :

नाम, थर :

स्थायी ठेगाना :

शिशु जन्मदा आमा बाबुको उमेर : आमा ......................... बाबु .........................

जन्मिएको देश :

शिक्षा : आमा ......................... बाबु .........................

धर्म : आमा ......................... बाबु .........................

मातृभाषा : आमा ......................... बाबु .........................

हालसम्म जन्मेको सन्तानको सङ्ख्या :

शिशुसमेत गरी जीवित सन्तानको सङ्ख्या :




विवाह दर्ता गर्दा आवश्यक पर्ने जानकारी:

- गाउँ विकास समिति/नगर पालिका र जिल्लाको विवरण
- जन्म भएको देश
- स्थायी ठेगाना
- धर्म
- पति/पत्नी दुवैको बाजेको नाम, थर
- विवाहको किसिम (परम्परागत, अदालती वा अन्य)
- पति र पत्नीको नाम, थर
- नागरिकता
- शिक्षा
- मातृभाषा
- दुवैको बाबुको नाम, थर
- विवाह भएको मिति र स्थान





सम्बन्ध विच्छेद दर्ता गर्दा आवश्यक पर्ने जानकारी

- नाम, थर
- जन्म भएको देश
- स्थायी ठेगाना
- मातृभाषा
- बाबुको नाम
- बैवाहिक सम्बन्धबाट पाएको सन्तान संख्या
- बाबुसँग बसेको सन्तान सङ्ख्या
- जन्म मिति
- नागरिकता
- शिक्षा
- बाजेको नाम
- विवाह भएको मिति
- हालसम्म जीवित सन्तान संख्या
- आमासँग बसेको सन्तान संख्या





बसाईं सराई दर्ता गर्दा, बसाईं सराई गर्ने परिवार वा व्यक्तिहरूको नाम, थर, उमेर, लिङ्ग, जन्म भएको देश, नागरिकता, शैक्षिक योग्यता, धर्म, मातृभाषा, कहाँबाट सरी आएको, कहाँ सरी जाने, बसाइ सराईको कारण आदिको जानकारी चाहिन्छ।




मृत्यु दर्ता गर्दा आवश्यक पर्ने जानकारी


- मृतकको नाम, थर
- स्थायी ठेगाना
- उमेर
- लिङ्ग
- मरेको ठाउँ
- मरेको मिति
- नागरिकता
- जन्म भएको देश
- बैवाहिक स्थिति
- शिक्षा
- मातृभाषा
- धर्म
- बाजेको नाम
- बाबुको नाम
- पति/पत्नीको नाम
- मृत्युको कारण आदिको जानकारी आवश्यक पर्छ।

## व्यक्तिगत घटना दर्ता गर्दा के फाइदा हुन्छ ?



**जन्म दर्ता गर्दा:**

- व्यक्तिको पहिचान हुन्छ। न्यायिक हक स्थापित हुन्छ। सेवा, सुविधा र अवसर प्राप्त हुन्छ।
- कति शिशु जन्मिए जानकारीको अभिलेख हुन्छ।
- जन्मदरको जानकारी हुन्छ।
- जनसङ्ख्या बृद्धिदरको जानकारी हुन्छ।
- राज्यको भावी रणनीति, कार्यक्रम तथा विविध क्रियाकलापको योजना र सेवा प्रदान गर्ने आधार तयार हुन्छ।



**विवाह दर्ता गर्दा :**

- पारिवारिक लगत दुरुस्त हुन्छ।
- कुनै पनि न्यायिक हक कार्यान्वयन गराउन सहज हुन्छ।
- नाता-प्रमाणित गराउन सहज हुन्छ।
- विवाह सम्बन्धी कानूनी व्यवस्थाको कार्यान्वयन र सुधार गर्न सहज हुन्छ।
- बैवाहिक नाता विवादरहित हुन्छ।

**सम्बन्ध विच्छेद दर्ता गर्दा:**

- पूर्नीववाह गर्न कानूनी अडचन हुँदैन।
- एकल महिला, एकल पुरुषको पहिचान हुन्छ।
- राज्यबाट पाउने सेवा, सुविधा, अवसर प्राप्त हुन्छ।
- नातामा विवाद आउदैन।
- पारिवारिक विचलनको स्थिति पहिल्याउन सकिन्छ।






**बसाई सराई दर्ता गर्दाः**

- स्थायी बसोबास गर्नेको लगत दुरुस्त रहन्छ।
- स्थानीय स्तरमा योजना बनाउन सहज हुन्छ।
- राज्यको सेवा, अवसर, सुविधा प्रचलन गराउन सजिलो हुन्छ।
- जनसङ्ख्याको चापबारे जानकारी हुन्छ।
- बसाईं सराईका कारणहरुको पहिचान हुन्छ।
- भावी रणनीति तर्जुमा गर्ने आधार तयार हुन्छ।

**मृत्यु दर्ता गर्दा नि ?**

- सम्पत्ति नामसारी गर्न सजिलो हुन्छ।
- न्यायिक हक हकवालामा सार्न सजिलो हुन्छ।
- सामाजिक सुरक्षाबाट प्राप्त हुने न्यायिक सुविधा प्राप्त गर्न सजिलो हुन्छ।
- नाता प्रमाणित गर्न सरल हुन्छ।
- राज्यले प्रदान गर्दै आएको सेवा, सुविधा र अवसर चुस्त दुरुस्त राख्न सकिन्छ।
- मृत्युका कारणहरु र मृत्युदर थाहा पाउन सकिन्छ।




हामीले व्यक्तिगत घटना दर्ता गरी
आफ्नो दायित्व पुरा गरेका छौ ।
तपाईले नि !

# सामाजिक सुरक्षा




नेपालको संविधानमा सामाजिक सुरक्षाको हकलाई मौलिक हकको रूपमा व्यवस्था गरिएको छ। संविधानमा व्यवस्था भए अनुसार "आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने र लोपोन्मुख जातिका नागरिकलाई कानुन बमोजिम सामाजिक सुरक्षाको हक प्रदान गरेको छ।






- जेष्ठ नागरिक
- ७० वर्ष उमेर पुरा भएका सबै नेपाली नागरिकले,
- कर्णालीका ६० वर्ष उमेर पुरा भएका सबै नागरिकले,
- ६० वर्ष उमेर पुरा भएका सबै दलित नागरिकले पाउँछन्।
- एकल महिला
- ६० वर्ष उमेर पुरा भएका अविवाहित महिला र सम्बन्ध विच्छेद भएका एकल महिला
- विधवा महिला
- सबै विधवा महिलाले सामाजिक सुरक्षा भत्ता पाउछन्।
- लोपोन्मुख आदिबासी जनजाति
- राज्यले पहिचान गरेका सबै लोपोन्मुख आदिबासी जनजाति नागरिकले पनि यो भत्ता पाउँछन्।
- अपाङ्गता भएका व्यक्तिले सामाजिक सुरक्षा भत्ता पाउँछन्।




- दलित परिवारका पाँच वर्ष मुनिका बढिमा दुई बालबालिका ।
- विशेष परिस्थितीमा बाबु वा आमा मध्ये एकको मात्र संरक्षकत्वमा रहेका बढीमा दुई बालबालिका ।
- कर्णालीमा बस्ने प्रत्येक परिवारका बढिमा दुई बालबालिका ।
- अपाङ्गता भएका बालबालिका ।




- सामाजिक सुरक्षा कार्यक्रमबाट सुविधा लिन अनिवार्य रुपमा परिचय-पत्र लिनुपर्दछ ।
- परिचय-पत्र लिनका लागि स्थानिय निकायमा उपलब्ध दरखास्तको ढाँचामा व्यक्तिगत विवरण भर्नुपर्छ ।
- परिचय-पत्रका लागी दुई प्रति पासपोर्ट साइजको फोटो र नागरिकता चाहिन्छ ।
- बालबालिकाको हकमा जन्म दर्ता प्रमाण-पत्र अनिवार्य चाहिन्छ ।
- परिचय-पत्र नविकरण गर्नुपर्छ । परिचय पत्रको मान्यता एक वर्षको हुन्छ ।

**भत्ता/बृति/अनुदान कहिले कहिले पाइन्छ ?**



हालको वितरण व्यवस्था अनुसार असोज १ गते, माघ १२ गते र जेष्ठ १५ गते गरी तीन किस्तामा भत्ता/वृति उपलब्ध हुन्छ।

- भत्ता/बृति/अनुदान पाउने व्यक्तिले सोही आर्थिक वर्षभित्र रकम बुझिसक्नु पर्छ।
- भत्ता/बृति/अनुदान बैङ्क मार्फत वितरण गर्ने व्यवस्था गरिएको छ।
- लाभग्राहीको शुन्य मौज्दातमा बचत खाता खोलिन्छ। बैंकको नियम अनुसार चेकबुक र पासबुक निःशूल्क दिइन्छ।
- खाता खोल्न लाभग्राही बैंकमा आफै उपस्थित हुनुपर्छ। साथमा परिचय-पत्र अनिवार्य लैजानु पर्छ।
- अशक्त र बालबालिकाको हकमा लाभग्राही र अभिभावकको संरक्षकको संयुक्त खाता खोली कुनै एकको सहीबाट खाता सञ्चालन गर्ने व्यवस्था गरिएको छ। भत्ता प्राप्त गर्न चाहनेले मंसिर महिनाभित्र सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकामा परिचय-पत्र सहितको निवेदन दिनुपर्छ।

**भत्ता/बृति/अनुदान प्राप्त गर्ने नागरिकको लगत कट्टा पनि हुन्छ ?**

निम्न अवस्थामा लगत कट्टा हुन्छ :

- मृत्यु भएमा।
- बसाईं सराई गरी गएमा।
- एकल वा विधवा महिलाले विवाह गरेमा।
- बालबालिकाको उमेर साठी महिना (पाँच वर्ष) पूरा भएमा।
- उजुरी परी छानविन गर्दा गलत व्यक्तिले परिचय-पत्र लिएको प्रमाणित भएमा।



कानूनी शासन तथा मानवअधिकार संरक्षण प्रणाली सबलीकरण कार्यक्रम/युएनडीपी

(Strengthening the Rule of Law and Human Rights Protection System in Nepal Programme (RoLHR)/UNDP